अनुसुची १
याङवरक गाउँपालिका
कृतिम गर्भाधान सञ्चालन कार्यविधि २०७६
दफा ५ को उपदफा ३ सँग सम्वन्धित
आ. व. २०७६/२०७७ कृतिम गर्भाधान प्रगति विवरण

| क्र स | कृषकको नाम थर | ठेगाना | सम्पर्क नं. | कृतिम गर्भाधान गरेको वस्तुको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गाई | भैसी | उमेर | वेत | अघिल्लो वेतको दुध दैनिक उत्पादन ( लिटरमा) | अघिल्लो पटक प्राकृतिक वा कृतिम गर्भाधान गरेको विवरण | कृतिम गर्भाधान गरेको मिति | कृतिम गर्भाधान गरेको समय | अनुमानित व्याउने मिति | सम्वन्धित कृषकको दस्तखत |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

कृतिम गर्भाधान गर्ने
कर्मचारीको नाम
दस्तखत

प्रमाणित गर्ने
सम्वन्धित वडाका वडाध्यक्षको
दस्तखत

आज्ञाले,

प्रविनहाङ योङहाङ

प्रमुख प्रशासकीय अधिकृत



# याङवरक गाँउपालिका

## स्थानीय राजपत्र

खण्डः ३ संख्याः ४ मितिः २०७६/०७/२१

भाग - २

## याङवरक गाउँपालिका

**याङवरक गाउँपालिका**
**कृतिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६**

गाउँपालिकाको समग्र विकास लक्ष्य तथा सेवा प्रवाहको सुनिश्चितताका लागि आर्थिक विकास एक अपरीहार्य अनि अनिवार्य पक्ष हो । यस कार्यका लागि उन्नत जातीय नश्ल सुधार तथा व्यवसायीक पशुपालन गरी दिगो र सम्मुनत समाज निर्माण गर्न अति आवश्यक छ । यस गाउँपालिका भित्र आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पशुपालन व्यवसायलाई थप दिगो तथा नाफामुखी वनाउन पशुपालनमा कृतिम गर्भाधान प्रविधिलाई निशुल्क रुपमा सेवा पुर्याई कृषक महानुभावहरुको जीविकोपार्जनमा सुधार ल्याई सम्मुनत आर्थिक दिगो विकासका लागि **“याङवरक गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने ) ऐन २०७५”**यस गाउँपालिका भित्रका सम्पूर्ण कृषक वर्गमा पशुपालन सम्वन्धि सेवा सुविधा सुनिश्चिताका लागि“**कृतिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६**”जारी गरिएको छ ।

# याङवरक गाउँपालिका
# कृतिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :-२०७६/०७/२०

**प्रस्तावना :**

गाउँपालिकाको समग्र विकास लक्ष्य तथा सेवा प्रवाहको सुनिश्चितताका लागि आर्थिक विकास एक अपरीहार्य अनि अनिवार्य पक्ष हो । यस कार्यका लागि उन्नत जातीय नश्ल सुधार तथा व्यवसायीक पशुपालन गरी दिगो र सम्मुनत समाज निर्माण गर्न अति आवश्यक छ । यस गाउँपालिका भित्र आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पशुपालन व्यवसायलाई थप दिगो तथा नाफामुखी वनाउन पशुपालनमा कृतिम गर्भाधान प्रविधिलाई निशुल्क रुपमा सेवा पुर्याई कृषक महानुभावहरुको जीविकोपार्जनमा सुधार ल्याई सम्मुनत आर्थिक दिगो विकासका लागि **"याङवरक गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने ) ऐन २०७५**"यस गाउँपालिका भित्रका सम्पूर्ण कृषक वर्गमा पशुपालन सम्वन्धि सेवा सुविधा सुनिश्चिताका लागि"**कृतिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६**"जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**कृतिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६**"रहेको छ

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

(क) "गाउँपालिका" भन्नाले याङवरक गाउँपालिका पाँचथरलाईसम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले याङवरक गाउँ कार्यपालिका पाँचथरलाईसम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले याङवरक गाउँपालिका अध्यक्ष भन्ने सम्झनुपर्दछ ।



कार्यालयवाट प्रमाणित गरि सम्वन्धित इकाइमा पेश भए पश्चात मात्र कार्यविधिमा उल्लेख भए अनुसारको रकम भुक्तानीहुनेछ ।

७. **अनुगमन मूल्याङ्कन तथा सिफारिस समिति व्यवस्था तथा काम कर्तव्य अधिकार** :(१) गाउँ कार्यपालिकाले कार्यपालिका सदस्य, जननिर्वाचित प्रतिनिधी वा विषयगत निकायका पदाधिकारीवाट यस कार्यक्रमको प्रत्यक्ष अनुगमन मूल्याङ्कन गर्न सक्नेछ ।

(२) यस कार्यक्रमको कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरी आगामी वर्षको कार्यक्रम कार्यन्वयन तथा दिगोपनाका लागि देहाय अनुसारको एक सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | सयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| याङवरक गाउँपालिका वडाध्यक्ष मध्येवाट एक जना | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सम्वन्धित विषयगत इकाई प्रमुख | सदस्य सचिव |

(३) साथै कार्यविधिको उदेश्य अनुरुप कार्यको प्रभावकारीता मूल्याँकन गरी आवश्यक निर्णय सहित गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नेछ ।

८.**अनुगमन गरी सेवावाट हटाउन सक्ने :**

(१) पशु सेवा प्राविधिक सञ्चालन कार्यविधि २०७६ अनुसार हुनेछ ।

९. **अभिलेख तथा प्रगति प्रतिवेदनः**

(१) यस कार्यक्रमले निर्धारित गरेका सम्पूर्ण अनुसुची अनुसारका कागजपत्रहरुको व्यवस्थापन गर्ने कार्य सम्बन्धित विषयगत निकायलेगर्नुपर्नेछ ।

(२) त्रैमासिक र वार्षिक रुपमा सम्बन्धित सम्बन्धित विषयगत निकायलेगाउँ कार्यपालिकामा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१०. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

११. **परिमार्जन तथा संशोधन**:यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

| क्र स | भिन्न समय, अवस्था र कार्यालय परिसर वाहिरको व्याख्या तथा पुष्ट्याइ | प्रोत्साहन वापत वा इन्धन खर्च वापतको भुक्तानी हुने रकम | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय समय भित्र हाजिर भई कार्यक्षेत्र भित्र सम्वन्धित कृषकको घरमा पुगी कृतिम गर्भाधान कार्य गर्नुपर्ने भएको अवस्थामा प्रति कृतिम गर्भाधान कार्य गरेवापत | ३०० | भुक्तानीका लागि अनुसुची १ अनुसारको ढाचालाई सम्वन्धित वडाध्यक्ष तथा सम्वन्धि कृषकवाट प्रमाणित गरेको हुनुपर्नेछ । |
| २ | काम विशेषले आफ्नो कार्यक्षेत्र भन्दा अन्य वडामा कृतिम गर्भाधान गरेवापत | ४०० | भुक्तानीका लागि अनुसुची १अनुसारको ढाचालाई सम्वन्धित वडाध्यक्ष तथा सम्वन्धि कृषकवाट प्रमाणित गरेको हुनुपर्नेछ । |
| ३ | कार्यालय समय भन्दा वाहिर विहान ६ वजे देखि १० वजे सम्म र वेलुका ५ वजे देखि ८ वजे सम्म कार्यक्षेत्र भित्र प्रति कृतिम गर्भाधान | ५०० | भुक्तानीका लागि अनुसुची १ अनुसारको ढाचालाई सम्वन्धित वडाध्यक्ष तथा सम्वन्धि कृषकवाट प्रमाणित गरेको हुनुपर्नेछ । |
| ४ | वेलुका ८ वजे भन्दा पछि कृतिम गर्भाधान गरेवापत प्रति कृतिम गर्भाधान | ६०० | भुक्तानीका लागि अनुसुची १ अनुसारको ढाचालाई सम्वन्धित वडाध्यक्ष तथा सम्वन्धि कृषकवाट प्रमाणित गरेको हुनुपर्नेछ । |

(२) एक पटक कृतिम गर्भाधान कार्य गरि सके पश्चात पुन दोहोर्‍याएर गनुपर्ने भएको अवस्थामा राजश्ववापतको रकम नलिने र प्रोत्साहन वापतको रकम उपलब्ध नगराउने ।

**६. सेवा सुविधा भुक्तानी सम्वन्धि व्यवस्था :**

(१)यो कार्यक्रम लागू भएपछि गाउँपालिका भित्र सेवा प्रवाह विस्तार पश्चात प्रत्येक महिना अनुसुची १ अनुसारको मासिक प्रगति प्रतिवेदन, वडा



(घ) “उपाध्यक्ष”भन्नाले याङवरक गाउँपालिका उपाध्यक्ष भन्ने सम्झनुपर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले याङवरक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(च)“स्थानीय सरकार” भन्नाले याङवरक गाउँपालिका वा नेपाल सरकारले तोकेको स्थानीय तहलाई सम्झनुपर्दछ ।

(छ) “प्रशासकीय कार्यविधि” भन्नाले याङवरक गाउँपालिका प्रशासकीय कार्यविधि २०७५ सम्झनुपर्छ ।

(छ)“AI”(Artificial Imsimination)भन्नाले पशुपालनमा गरिने कृतिम गर्भाधान प्रकृयालाई सम्झनु पर्दछ ।

(ज)“कृषक” भन्नाले यस गाउँपालिकामा स्थायी वा अस्थायी**ब**सोबास गर्ने सम्पुर्ण कृषकलाई सम्झनु पर्छ ।

(झ) “कृषक समुह” भन्नाले गाउँपालिकामा नियमानुसार दर्ता भएका वा सो भन्दा अघि विषयगत रुपमा दर्ता भएका कृषक समुह सम्झनुपर्दछ । यसमा विभिन्न समुह सेवाका समेतलाई जनाउदछ ।

(ञ) “पशुपंक्षी” भन्नाले घरपालुवा रुपमा पालिने सम्पुर्ण जनावरलाई सम्झनु पर्छ यसमा कुकुर तथा हाँस र अन्य पशु वा पंक्षी समेतलाई जनाउदछ ।

(ट) “पशुपंक्षीसेवा इकाई” भन्नाले याङवरक गाउँपालिका पशुपंक्षी सेवा इकाईलाई सम्झनु पर्छ ।

(ठ)“इकाई प्रमुख”भन्नाले याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपंक्षी सेवा इकाई सम्झनुपर्दछ ।

(ड)“पशुसेवा प्राविधिक” भन्नाले याङवरक गाउँपालिकावाट करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि २०७५ वमोजीम नियुक्त भएका नायव पशु सेवा प्राविधिक, नायव पशु स्वास्थ्य प्राविधिक, पशु सेवा प्राविधिक, पशु स्वास्थ्य प्राविधिक, साथै पशु सँग सम्वन्धित सम्पुर्ण कर्मचारी सम्झनु पर्दछ ।

(ढ) “उपचार सेवा” भन्नाले पशुपालन सम्वन्धि सम्पुर्ण उपचार सेवा सम्झिनुपर्दछ ।

(ण) “प्रस्तावना” भन्नाले संघ, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य विभिन्न निकायवाट आव्हान भएका सुचनाहरु समेतलाई जनाउदछ ।

(त) "कार्यक्रम" भन्नाले पशुपालन सँग सम्वन्धित विभिन्न कार्यक्रमहरु भन्ने सम्झनुपर्दछ ।

(थ) "लक्षितवर्ग" भन्नाले गाउँपालिका भित्र वसोवास गर्ने विभिन्न वर्गका क्षमता भएका कृषकहरुलाई सम्झनुपर्दछ ।

(द)"साझेदारी"भन्नाले विभिन्न कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैह्र सरकारी र निज स्वयम् किसान वीचको द्धिपक्षीय बहुपक्षीय सम्झौतामा सञ्चालन हुने कार्यक्रमहरुको साझेदारी सम्झनुपर्दछ ।

(ध) "अनुदान" भन्नाले संघ प्रदेश र स्थानीय तह वा अन्य सम्पुर्ण निकायवाट नियमानुसार प्रदान हुने अनुदान रकम सम्झनुपर्दछ, यसमा नगद वा जिन्सी समेतलाई जनाउदछ ।

(न) "विषयगत निकाय" भन्नाले याङवरक गाउँपालिका पशुपंक्षी सेवा इकाइ सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्धेश्य :**

१) गाउँपालिका भित्र आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पशुपालन व्यवसायलाई कृतिम गर्भाधानको माध्यमवाट उन्नत, व्यवसायिक र नाफामुखी वनाउने ।

२) यस गाउँपालिकामा पूर्ण रुपमा निशुल्क कृतिम गर्भाधानको माध्यमवाट उन्नत जातका पशुपंक्षी उत्पादन र उत्पादकत्वमा वृद्धि गरी दिगो र फराकिलो आर्थिक विकास गर्ने ।

३) निरन्तर, नियमित सेवा प्रवाहको माध्यमवाट उन्नत नश्लका पशु उत्पादनमा जोड दिई उत्पादकत्वमा वृद्धि गर्ने ।

४) प्रजनन विकृतिवाट हुन सक्ने सम्भावित क्षतिलाई कम गरी उत्पादकत्वमा वृद्धि ल्याउने ।

५) कृतिम गर्भाधानको दरलाई अभिवृद्धि गरी दिगो, फराकिलो आर्थिक वृद्धिदर वढाउने ।

४. **वित्तीय स्रोततथा प्राविधिक कर्मचारी व्यवस्थापन परीचालन**:

(१) गाउँपालिकाको सवै वडामा प्राविधिक सेवा विस्तारका लागि करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि २०७५ वमोजीम नियुक्त प्रत्येक वडामा खरिदार सो सरहको प्राविधिक पशुपालन सम्वन्धि दक्ष कर्मचारी नियुक्त गरिनेछ ।



(२) यस गाउँपालिकामा संकलन हुने आन्तरिक राजस्व आम्दानी, वित्तिय समानिकरण अनुदान,राजस्व बाँडफाँडबाट प्राप्त हुने आर्थिक स्रोतबाट सम्पूर्ण कार्यक्रमहरुको व्यवस्थापन गरिनेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह वा अन्य निकायबाट यस सम्बन्धी रकम प्राप्त भएमा समेत सो रकमवाट खर्च व्यवस्थापन गर्न सकिनेछ ।

(४) सम्वन्धिकत कृषकवर्गको राजश्व वापतको रकम गाउँपालिकाको आर्थिक ऐन २०७६ वमोजीम हुनेछ ।

**५. पशु सेवा प्राविधिकको कृतिम गर्भाधान सम्वन्धि जिम्मेवारी तथा कार्यविवरण :-**

(१)उन्नत जातका पशु उत्पादनको लागि कृतिम गर्भाधान सवै वडाका सवै कृषकहरुमा सेवा सुविधा पुर्याउने ।

(२)पशु सेवा विस्तार कार्यका लागि उन्नत प्रविधि प्रसार गरि गाई तथा भैसीमा अनिवार्य रुपमा कृतिम गर्भाधान गराउनका लागि प्रसार कार्य गर्ने ।

(३) गाउँपालिका भित्र भएका तथा रहेका सम्पुर्ण वस्तुहरुको कृतिम गर्भाधान प्रगति प्रतिवेदन यकिन डाटा अनुसुची १ अनुसारको ढाँचामा तयार गरी सम्वन्धित इकाईमा मासिक रुपमा पेश गर्ने ।

(४)अनुदानमा आधारीत हुने सम्पूर्ण कृयाकलापहरुको अनुगमन मुल्याँकन निरीक्षण साथै प्राविधिक रुपमा सल्लाह सुझाव परामर्श दिने ।

(५)संघ, प्रदेश सरकार तथा स्थानीय निकाय र विभिन्न दातृनिकायहरुवाट कुनै कृतिम गर्भाधानका कार्यक्रम भएमा सो कार्य गर्ने गराउने ।

**६ सेवा सुविधा प्रवाह तथा वित्तीय व्यवस्थापन**:

(१) यस गाउँपालिकामा नियमानुसार प्राविधिक रुपमा करार सेवामा नियुक्त भएका कर्मचारीहरुलाई वडा कार्यालय वा पशुपंक्षी सेवा इकाईमा वस्तु ल्याइ कृतिम गर्भाधान गराएमा आर्थिक ऐनले तोके अनुसारको शुल्क लिने र अन्य प्राविधिक सेवा वापतको रकम देहाय अनुसार प्राविधिकको प्रोत्साहन खर्च साथै मोटरसाइकलमा इन्धनवापतको रकमदेहाय अनुसार गाउँपालिकाको सम्वन्धित इकाईवाट भुक्तानी दिइनेछ तर यसका लागि अनुसुची १ अनुसारको फारामलाई सम्वन्धित कृषक र सम्वन्धित वडावाट प्रमाणित गराई विषयगत निकायमा पेश गर्नुपर्नेछ ।